# चन्द्रागिरि नगरपालिका

## स्थानीय राजपत्र

**खण्डः ९** **संख्याः १** **मितिः वैशाख १४ गते, २०८३**


# भाग २
# सम्वत् २०८३ सालको मापदण्ड नम्वर १

## “चन्द्रागिरि नगरपालिका भित्र रहेका सामुदायिक तथा निजी विद्यालय र सामाजिक संघसंस्थाकालागि बालसंरक्षण मापदण्ड, २०८३”

### प्रस्तावना

‘बालबालिका राष्ट्रिय गौरव हुन्’ भन्ने मान्यतालाई आत्मसात् गर्दै बाल अधिकार सम्बन्धी महासन्धि १९८९, नेपालको संविधान तथा बालबालिका सम्बन्धी प्रचलित कानूनहरू, राष्ट्रिय बालबालिका नीति, २०८० को पालना गर्दै, बालबालिकासँग व्यवहार गर्दा बालबालिकाको उत्पत्ति, भौगोलिक अवस्था, भाषा, धर्म संस्कृति रहनसहन, लिङ्ग, आस्था, पारिवारिक वा बुवाआमाको अवस्था, सिकाइ स्तर, आर्थिक अवस्था, बालबालिकाका भौतिक अवस्था र सिकाइ फरक फरक हुन्छ भन्ने कुरालाई मनन गर्दै सबै बालबालिकालाई सम्मानजनक व्यवहार गर्न, बालबालिकालाई आफ्नो कर्तव्य बोध गराउन, विद्यालयलाई बालमैत्री बनाउन, बालबालिका तथा बालबालिकामाथि कुनैपनि

तवरले हुन सक्ने सम्भाव्य शोषण तथा दुर्व्यवहारका जोखिमको पहिचान गरी उनीहरुको संरक्षण सुनिश्चित गर्न र उजुरीको व्यवस्था गरी तत्काल कारबाही गर्नकालागि बालबालिका सम्बन्धी ऐन, २०७५को दफा ५७ बमोजिम अधिकार प्रयोग गरी यस चन्द्रागिरि नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत गरिएको यो **“चन्द्रागिरि नगरपालिकाका सामुदायिक तथा निजी विद्यालय र सामाजिक संघसंस्थाकालागि बालसंरक्षण मापदण्ड, २०८३”** लागू गरेको छ ।

## परिच्छेद-१:
## प्रारम्भिक

१. **नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम **“चन्द्रागिरि नगरपालिकाका सामुदायिक तथा निजी विद्यालय र सामाजिक संघसंस्थाकालागि बालसंरक्षण मापदण्ड, २०८३”** रहेको छ ।

(२) यो मापदण्ड चन्द्रागिरि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि चन्द्रागिरि नगरक्षेत्रका सामुदायिक तथा निजी विद्यालय, सामाजिक संघसंस्थाकालागि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) “अनुसन्धान” भन्नाले अधिकार प्राप्त निकायले गर्ने जाँचबुझ सम्बन्धी समग्र प्रक्रिया सम्झनु पर्छ ।

(ख) “उजुरी” भन्नाले बालबालिका विरुद्धको हेला, हिंसा, शोषण वा बाल-यौन दुर्व्यवहारसम्बन्धी घटनाबारे सम्बन्धित निकायमा लिखित वा मौखिकरूपमा जानकारी दिने कार्य-प्रक्रिया सम्झनु पर्छ ।

(ग) “उजुरीकर्ता” भन्नाले बालबालिका विरूद्धको हिंसा, शोषण वा

बाल-यौन दुर्व्यवहारसम्बन्धी घटनाबारे सम्बन्धित निकायमा वा यस मापदण्डबमोजिम उजुरी दिने व्यक्ति सम्झनु पर्छ ।

(घ) “जाँचबुझ” भन्नाले बालबालिका विरूद्धको हिंसा वा बाल-यौन दुर्व्यवहारसम्बन्धी उजुरी परेपछि विद्यालयले तोकेको व्यक्ति वा समितिबाट उक्त घटनासम्बन्धी सूचना एवम् प्रमाण सङ्कलन गरी निष्कर्षमा पुग्ने प्रक्रिया सम्झनु पर्छ ।

(ङ) “प्रभावित” भन्नाले बालबालिका विरूद्धको हिंसा वा बाल-यौन दुर्व्यवहारसम्बन्धी घटनाबाट पीडित वा प्रभावित बालबालिका सम्झनु पर्छ ।

(च) “बालबालिका” भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

(छ) “बाल हेल्पलाइन १०९८ सेवा” भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम (९०) बमोजिमको सेवा सम्झनु पर्छ ।

(ज) “बाल दुर्व्यवहार” भन्नाले बालबालिका विरूद्ध शारीरिक, मानसिक, भावनात्मक, यौन दुर्व्यवहार तथा सूचना प्रविधिको माध्यमबाट गरिने दुर्व्यवहार सम्झनु पर्छ । यस मापदण्डका सन्दर्भमा ‘ बाल दुर्व्यवहारलाई’ बालबालिकामाथि हुने कुनै पनि प्रकारका हानिलाई समेट्ने बृहत् अवधारणाको रूपमा प्रयोग गरिएको छ, जसले भेदभाव, दुर्व्यवहार, शोषण, यातना तथा हिंसा र बेवास्ता वा हेलचेक्रयाइँ समेत सबै प्रकारका हानिलाई बुझाउँदछ । साथै बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उप-दफा (२) र (३) बमोजिमको हिंसा तथा दुर्व्यवहार समेतलाई सम्झनु पर्दछ ।

(झ) “बालकल्याण अधिकारी” भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम तोकिएको वा नियुक्त गरिएको अधिकारी सम्झनु पर्छ ।

(ञ) “बालबालिकाको खोजतलास सेवा” भन्नाले बालबालिकासम्बन्धी नियमावली, २०७८ को नियम ८९ बमोजिमको सेवा सम्झनु पर्छ ।

(ट) “समिति” भन्नाले यस मापदण्डको दफा १२ बमोजिमको **बालसुरक्षा/गुनासो सुनुवाइ समिति** सम्झनु पर्छ ।

(ठ) “संरक्षक” भन्नाले बालबालिकाको वैकल्पिक हेरचाह गर्न प्रचलित कानूनबमोजिम नियुक्ति गरिएको वा तोकिएको व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ड) “न्यायिक निकाय” भन्नाले प्रचलित कानूनबमोजिम न्याय सम्पादनका लागि स्थापित निकाय सम्झनु पर्छ । यसअन्तर्गत अपराधको अनुसन्धान गर्ने, अभियोजन गर्ने, न्याय निरूपण गर्ने न्यायिक तथा अर्ध-न्यायिक निकाय पर्दछन् ।

विद्यालय व्यवस्थापन समिति भन्नाले नेपाल सरकारको तोकिएको अधिकारी वा कार्यालयबाट अनुमति  लिई वा स्वीकृति लिई सञ्चालित सामुदायिक विद्यालयहरुमा शिक्षा नियमावली एवं कार्यविधि अनुरुप गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्नेछ ।

## परिच्छेद-२ :
## औचित्य, उद्देश्य, सिद्धान्त तथा लक्षित समूह

३. **औचित्य :** यस मापदण्डको औचित्य देहायअनुसार रहेको छ :

(क) नेपालको संविधानको धारा ३१(२) ले प्रत्येक नागरिकलाई राज्यबाट

आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक प्रत्याभूत गरेको र धारा ३९(७) ले कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने व्यवस्था गरेको, बाल अधिकार सम्बन्धी महासन्धी, १९८९ को धारा ३४ ले बालबालिकालाई सबै प्रकारको यौन शोषण तथा यौन दुर्व्यवहारबाट संरक्षण गर्नु राज्यको दायित्व हुनेछ साथै धारा ३५ ले कुनै पनि बालबालिकालाई यातना दिने, अन्य कुनै क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन भन्ने व्यवस्था भएको यस सन्धिको पक्ष राष्ट्र भएको हुँदा र राष्ट्रिय बालबालिका नीति, २०८० को कार्यनीति १२.७ ले विद्यालय तथा बालबालिकासंग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थामा बाल संरक्षण मापदण्ड लागू गर्ने व्यवस्था मिलाइनेछ भन्ने नीति र चन्द्रागिरि नगरपालिकाको बालबालिका संरक्षण ध्येय पूरा गर्न ।

(ख) विद्यालयको सन्दर्भमा बालबालिकामाथि हुने वा हुनसक्ने दुर्व्यवहारको रोकथाम गर्न र उजुरीको तत्काल कारबाही गरी बालसंरक्षण सुनिश्चित गर्न संस्थागत तहमा प्रतिबद्धता जनाउँदै बालसंरक्षणसम्बन्धी नीति, प्रक्रिया एवम् मापदण्ड लागू गर्न, बालमैत्री विद्यालय निर्माण गर्न र भय रहित सिकाईको सुनिश्चित गर्न आवश्यक देखिएको,

(ग) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७ मा 'विद्यालय, बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवम् सामाजिक संस्थाले बालबालिका विरूद्धको

हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न, र उजुरीको तत्काल कारबाही गर्नको लागि संस्थागत तहमा बालसंरक्षण मापदण्ड निर्माण गरी लागू गर्नु पर्नेछ' भन्ने व्यवस्था कार्यान्वयन गर्न आवश्यक भएको ।

४. **उद्देश्य :** यस मापदण्डका उद्देश्य देहायबमोजिम रहेका छन् :

(क) विद्यालयको संस्थागत तहमा बालसंरक्षण सुनिश्चित गर्नका लागि कार्यविधि एवम् प्रक्रिया, मापदण्ड तथा आचारसंहिता लागू गर्नु, र सचेतना बढाई भय रहित वातावरणमा शिक्षण सिकाइको अधिकार सुनिश्चित गर्नु,

(ख) विद्यालयको सन्दर्भमा बालबालिका विरूद्धको हिंसा वा बाल-यौन दुर्व्यवहारको जोखिमको पहिचान गर्नु र त्यस्ता उजुरीको तत्काल कारबाही गरी सम्बोधन गर्न विद्यालयमा एक बालसंरक्षण संयन्त्र स्थापना गरी क्रियाशील गराउनु,

(ग) बालबालिका विरूद्धको हेला, हिंसा, शोषण तथा दुर्व्यवहार लगायतका हानिबाट प्रभावित बालबालिकाको संरक्षण एवम् अत्यावश्यक सेवा उपलब्ध गराउन समन्वय गर्नु,

(घ) बालबालिकाको संरक्षण र सहभागिताको अधिकार सुनिश्चत गर्दै उनीहरुमा रहेको विशेष क्षमता तथा संभाव्यताको उजागर गर्नु ।

५. **सिद्धान्तः** बालबालिका विरूद्धको हेला, हिंसा, शोषण तथा दुर्व्यवहारको रोकथाम, शीघ्र सम्बोधन तथा तत्काल कारवाही गर्दा देहायका सिद्धान्त अवलम्बन गरिनेछ :

**(क) बालबालिकाको सर्वोत्तम हित :** बालबालिका विरूद्धको हेला, हिंसा, शोषण तथा दुर्व्यवहार लगायतका बालसंरक्षण कार्य गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिइनेछ ।

(ख) **भेदभाव रहित :** बालसंरक्षण कार्य गर्दा कुनै बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव गरिने छैन ।

(ग) **शून्य सहनशीलता :** कुनै पनि व्यक्तिबाट हुने बालबालिका विरूद्धको हेला, हिंसा, शोषण तथा दुर्व्यवहार लगायतका हानि विरूद्ध शून्य सहनशीलताको सिद्धान्तअनुरूप कारबाही गरिनेछ।

(घ) **गोपनीयताको हक :** बालबालिका विरूद्धको हेला, हिंसा, शोषण तथा दुर्व्यवहारको उजुरी लिँदा, शीघ्र सम्बोधन गर्दा, तत्काल कारबाही गर्दा र बालबालिकाको उद्धार, संरक्षण एवम् पुनर्स्थापना लगायतका बालसंरक्षण कार्य गर्दा प्रचलित कानूनबमोजिम गोपनीयता कायम गरिनेछ ।

(ङ) **बालबालिकाको विचार र भावनाको कदर :** बालबालिका विरूद्धको हेला, हिंसा, शोषण तथा दुर्व्यवहार हानिविरूद्ध बालसंरक्षण कार्य गर्दा प्रभावित बालबालिकालाई विचार अभिव्यक्त गर्न दिइनेछ र निजको बढ्दो उमेर एवम् परिपक्वताअनुरूप त्यसरी निजले व्यक्त गरेको विचारको उचित कदर गरिनेछ ।

(च) **आधारभूत सेवाको प्रत्याभूति :** बालबालिका विरूद्धको हिंसा वा बाल-यौनदुर्व्यवहार लगायतका हानिबाट प्रभावित बालबालिकाको उद्धार, संरक्षण एवम् पुनर्स्थापना गर्दा आवश्यक पर्ने स्वास्थ्य, अस्थायी संरक्षण सेवा वा सुरक्षित बसोबास, मनोविमर्श, कानूनी

सेवा लगायत आधारभूत सेवाको प्रत्याभूति गरिनेछ । विद्यालयले नगरपालिका वा स्थानीय तहमा क्रियाशील बालसंरक्षण संयन्त्रसँग समन्वय गरी सेवाको सुनिश्चितता गर्न सकिनेछ ।

**(छ) बालमैत्री व्यवहार :** बालबालिका विरूद्धको हेला, हिंसा, शोषण तथा दुर्व्यवहार लगायतका हानिबाट प्रभावित बालबालिकाको उद्धार, संरक्षण एवम् पुनर्स्थापना लगायतका बालसंरक्षण कार्य गर्दा उनीहरूसँग बालमैत्री व्यवहार गरिनेछ ।

६. **मापदण्ड लागू हुने लक्षित समूह :** यो मापदण्ड देहायबमोजिमका व्यक्ति तथा निकायको हकमा लागू हुनेछ :

(क) सामाजिक संघ संस्था र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्य,

(ख) सामाजिक संघ संस्था र विद्यालय व्यवस्थापन समितिले गठन गरेको समिति, उपसमिति वा कार्यटोलीका पदाधिकारी, सदस्य तथा विज्ञ/विशेषज्ञ,

(ग) सामाजिक संस्थामा कार्यरत कर्मचारी र विद्यालयमा कार्यरत शिक्षक, प्रशिक्षक, कर्मचारी, सहयोगी, स्वंयसेवक, सवारी चालक, क्यान्टिनका सञ्चालक तथा कर्मचारी,

(घ) विद्यालयको अनुगमन गर्न एवम् अनुसन्धानका लागि आउने व्यक्ति, अन्य सम्बद्ध व्यक्ति, सेवा प्रदायक र वस्तु तथा सेवाको आपूर्तिकर्ता, र

(ङ) विद्यालयमा अध्ययनरत बालबालिका र उनीहरूका अभिभावक ।

## परिच्छेद-३ :
## बालबालिकासँग गर्न नहुने कार्य, जोखिमको लेखाजोखा र बाल सुरक्षाका उपाय

**७. बाल संरक्षणबारे विद्यालय र सामाजिक संघसंस्थाको प्रतिवद्धता :** बालबालिकाको हकअधिकार सम्मान गर्दै यस चन्द्रागिरि नगरपालिका सामुदायिक तथा निजी विद्यालय र सामाजिक संघसंस्थाकालागि बाल संरक्षण मापदण्ड, २०८३ लागू गरेर विद्यालयले देहायको प्रतिबद्धता व्यक्त गर्दछ :

विद्यालयले समुदायका सबै बालबालिकाको निम्ति शान्त, भय रहित, संरक्षित, बालमैत्री, साझा, अनिवार्य र आकर्षक शैक्षिक संस्था हुनुपर्दछ भन्ने मान्यतालाई आत्मसात् गर्दै, विद्यार्थी, अभिभावक, शिक्षक तथा विद्यालय व्यवस्थापन पक्षबीच समबुझाई आपसी समन्वय, सदभाव, मर्यादा अभिवृद्धिका साथै शैक्षिक गुणस्तर विकास गर्न, बालबालिका रहने घर, समुदाय वा समाज, विद्यालय आउने बाटो र विद्यालयलाई स्वच्छ, स्वस्थ्य, सुरक्षित एवम् संरक्षित बनाउने ,

(क) बालबालिकामा समस्या आउनु वा हुनुको कारण नबुझी बालबालिकालाई दोष नदिन र समस्याको पहिचान गरी समस्या समाधानको लागि विद्यालयले आवश्यक व्यवस्था मिलाउने ।

(ख) विद्यालयको ख्याति वा बालबालिकाको प्रतिभा प्रस्फूटन गराउने भनी विद्यार्थीलाई शारीरिक वा मानसिक दबाब दिई सीप-कौशल नसिकाउन वा त्यसमा आवश्यकभन्दा बढी समय दिन बाध्य नपार्ने तथा स्वीकृति नलिई सामाजिक सञ्जालमा निजको फोटो, भिडियो नराख्ने,

(ग) विद्यालयको सन्दर्भमा बालबालिकामाथि हुनसक्ने बालबालिका

विरूद्धको हेला, हिंसा, शोषण तथा दुर्व्यवहार लगायतका जोखिम घटाउने जिम्मेवारी विद्यालयले वहन गर्ने,

(घ) सामाजिक संघ संस्था र विद्यालयमा यस मापदण्ड बमोजिम गुनासो पेटिका राखी आएका गुनासो उपर उचित सम्बोधन एवम् कारवाही गर्ने,

(ङ) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारी तथा सदस्य, शिक्षक, प्रशिक्षक तथा कर्मचारी लगायत सम्बन्धित सबैलाई बालबालिका विरूद्धको हेला, हिंसा, शोषण तथा दुर्व्यवहार विरूद्ध अभिमुखीकरण तथा तालिम दिएर घटनाको रोकथाम तथा सम्बोधन गर्न आवश्यक ज्ञान, सीप र प्रक्रियाबारे दक्षता अभिवृद्धि गर्ने,

(च) विद्यालयका सबै विद्यार्थीलाई बालबालिका विरूद्धको हेला, हिंसा, शोषण तथा दुर्व्यवहार विरूद्ध सचेत रहन तथा कुनै घटना भएमा त्यसबारे विद्यालयको बालसंरक्षण संयन्त्रमा उजुरी गर्नसक्ने बनाउन अभिमुखीकरण गर्ने। यसको लागि विद्यालयमा बाल क्लव स्थापना गर्ने वा स्थापना भई क्रियाशील रहेको बालक्लबलाई परिचालन गर्न सकिने,

(छ) विद्यालयमा बालबालिकामाथि भएका बालबालिका माथि हुने हेला, हिंसा, शोषण तथा दुर्व्यवहार लगायतका अन्य हानिको सम्बोधन गर्दा शून्य सहनशीलताको सिद्धान्त अवलम्बन गरिने ।

ज) सुरक्षित तथा बालमैत्री विद्यालय, आवश्यक प्रयोगशाला, पुस्तकालय, बालबालिकाका लागि छुट्टा छुट्टै शौचालय, अपाङ्गमैत्री तथा सेनिटेरी प्याडको उपलव्धता तथा त्यसको सही व्यवस्थापन गरिने,

झ) किशोरी, अपाङ्गता तथा विशेष क्षमता भएका बालबालिकाको स्वास्थ्य, शारीरिक, ढिलो गतिमा सिकाई भएका र अवस्थाको आधारमा विद्यालयमा आवश्यक सेवा र सुविधाको प्रबन्ध गर्ने ।

ञ) बालबालिकाको मनोसामाजिक समस्या पहिचान तथा त्यसको निदान गर्नकालागि आवश्यक सेवाको प्रबन्ध गरिनेछ ।

ट) बालसंरक्षण तथा सुरक्षामा अभिभावक तथा विद्यार्थीको कर्तव्य, जिम्मेवारी तथा दायित्व समेटिएको एक छुट्टै आचार संहिता बनाई लागू गर्ने ।

ठ) बालबालिकाको खाना गुणस्तरीय बनाउनेमा आवश्यक व्यवस्था गर्ने साथै पत्रु खाना (जंकफुड) लाई पूर्ण रुपमा निरुत्साहित गर्ने ।

८. **बालबालिकासँग गर्न नहुने कार्य :** (१) यस मापदण्डको दफा ६ बमोजिमका विद्यालयसँग सम्बन्धित व्यक्तिले बालबालिकासँग देहाय बमोजिमका कार्य तथा व्यवहार गर्न गराउन हुँदैन :

(क) बालबालिकाको उमेर, वर्ग, जात, जातीयता, सम्प्रदाय, भौगोलिक अवस्थिति, धर्म, लिङ्ग, रंग, शारीरिक, मानसिक तथा आर्थिक अवस्थाको आधारमा भेदभावजन्य हुने बोली, व्यवहार, कार्य एवम् गतिविधि गर्न गराउन,

(ख) बालबालिकालाई दोषारोपण गर्न, होच्याउन, निन्दा गर्न, कलंकित गर्न वा अपहेलित तुल्याउन, कमजोर ठान्न तथा लाञ्छना लगाउन,

(ग) सामाजिक सञ्जाल, वेभसाइट, आमसञ्चारका माध्यम, लिखत तथा दस्तावेजमा बालबालिकाको व्यक्तिगत परिचय खुल्नेगरी रेखाचित्र, तस्वीर, श्रव्यदृश्य सामग्री सम्प्रेषण गरी निज तथा निजको परिवारलाई जोखिममा पार्न तथा लज्जित एवम् कलंकित बनाउन,

(घ) बालबालिका विरूद्ध हुने शारीरिक, मानसिक, यौनजन्य तथा मनोवैज्ञानिक हिंसा गर्न र त्यस्तो हिंसा गर्न दुरूत्साहन गर्ने एवम् उत्तेजित पार्ने खालका बोली, व्यवहार, क्रियाकलाप तथा कार्य गर्न गराउन साथै यौन आशयले फकाउने कार्य गर्न गराउन,

(ङ) बालबालिका तथा निजको परिवारको आत्मसम्मान, मान-मर्यादा र सामाजिक हैसियतमा नकारात्मक असर पार्ने खालका बोली, व्यवहार, क्रियाकलाप तथा कार्य गर्न गराउन,

(च) बालबालिकालाई शारीरिक चोटपटक लगाउन वा मानसिक असर पुऱ्याउन, आतंकित पार्न वा धम्क्याउन, तिरस्कार, उपेक्षा, बहिष्कार वा घृणा गर्न, एक्ल्याउन वा मानसिक पीडा दिन,

(छ) बालबालिकासँग यौन आशय झल्कने, अनुपयुक्त, सताउने खालको र यौन उत्तेजनापूर्ण हाउभाउ, बोली, व्यवहार र कार्य गर्न,

(ज) बालबालिकासँग कुनै प्रलोभन वा डरधाक धम्की दिई वा नदिई शारीरिक सम्बन्ध राख्न वा यौनसम्पर्क गर्न,

(झ) बालबालिकालाई प्रचलित कानूनविपरीत श्रममा लगाउन र निजको क्षमताभन्दा बढी काम लगाउन,

(ञ) आर्थिक लाभ लिने उद्देश्यले बालबालिकाको रचना, कलाकृति, प्रतिभाको दुरूपयोग गर्न, गराउन,

(ट) बालबालिकाको व्यक्तिगत विवरण, फोटो, भिडियोको दुरूपयोग गरी निजको शोषण गर्न गराउन,

(ठ) बालबालिकालाई जोखिममा पार्न, हिंसा, दुर्व्यवहार तथा

शोषण लगायतका हानि पार्न तथा पुनःपीडित हुनसक्ने अवस्था, क्रियाकलाप, गतिविधि एवम् कार्य गर्न गराउन,

(ड) बालबालिकालाई वेवास्ता गरी निजलाई जोखिमका सम्मुख पर्न दिन तथा पीडित हुन दिन तथा बालबालिका वेवास्तामा परेको, जोखिममा रहको तथा पीडित हुनसक्ने अवस्थाबारे जानकारी पाएपछि सम्बन्धित निकायमा खबर नगरी त्यसै बस्न,

(ढ) बालबालिकालाई निजको सर्वोत्तम हितको लागि प्रचलित कानूनबमोजिम अख्तियार प्राप्त अधिकारीले बाहेक निजको परिवार, समुदाय तथा निजका दाजुभाइ दिदीबहिनीबाट अलग गर्न गराउन,

(ण) बालबालिकालाई पारिवारसँग सम्पर्क राख्न, निजको उमेर, रूचि र परिपक्वता अनुरूप सहभागी हुन, फुर्सतको समयमा उमेर, रूचि तथा परिपक्वताअनुसार खेल्न तथा मनोरञ्जनबाट बञ्चित गर्न गराउन ।

(त) प्रचलित राष्ट्रिय कानूनबमोजिम गैरकानूनी ठहरिने, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय महासन्धिले वर्जित गरेका र समुदायको परम्परागत मूल्य-मान्यताले स्वीकार नगर्ने बोली, व्यवहार तथा कार्य गर्न गराउन,

(थ) बालबालिकालाई कसुरजन्य कार्य गर्न सिकाउन, तालिम दिन वा त्यस्तो कार्यमा लगाउन,

(द) बालबालिकालाई धुम्रपान, मद्यपान, वा जुवा तास जस्ता कुलतका संलग्न गराउन ।

(ध) विद्यालय आसपास ५०० मिटर क्षेत्र भित्र धुमपान, मध्यपान,

लागू पदार्थ, सुर्ती, खैनी, गुड्का लगायतका हानीकारक बस्तुको ओसारपसार, विक्री वितरण सेवन नगर्ने र नगराउने ।

न) विद्यालय तथा बालबालिका शान्ति क्षेत्र हुन भन्ने मान्यतालाई आत्मसात गरी विद्यालय भित्र हिंसात्मक हात हतियार नबोक्न, नराख्न र हातहतियार देखाई धम्कीपूर्ण ब्यवहार नगर्न ।

(२) यस मापदण्डको दफा ६ मा उल्लिखित विद्यालयसँग सम्बन्धित वयस्क व्यक्ति तथा निकायले उपदफा (१) को व्यवस्थाका साथै यस मापदण्डको अनुसूची-१ बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ ।

(३) यस मापदण्डको दफा ६ को खण्ड क देखि ङ सम्मका व्यक्ति तथा निकायले यस मापदण्डको अनुसूची-१ बमोजिमको आचारसंहिता पढीबुझी सहिछाप गरी विद्यालयको अभिलेखमा राख्न दिनु पर्नेछ ।

९. **जोखिम लेखाजोखा तथा सुरक्षाका उपाय अपनाउनु पर्ने :** (१) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ लगायत सबै शिक्षक, प्रशिक्षक तथा कर्मचारीले तोकिएका कार्य सम्पादन गर्दा गराउँदा बालबालिकाको संरक्षण सुनिश्चित गर्न देहायबमोजिमका उपाय अपनाउनु पर्नेछ :

(क) बालबालिका सहभागी हुने कार्यक्रम सञ्चालन हुने स्थान तथा समय बालसंरक्षण तथा सुरक्षाको दृष्टिकोणले उपयुक्त छ छैन सोको लेखाजोखा गर्नु पर्ने,

(ख) बालबालिका सहभागी हुने कार्यक्रम स्थलमा आपत्कालीन सेवा, प्राथमिक उपचार लगायतका सेवा, सुविधा उपलब्ध भए नभएको यकिन गर्नु पर्ने,

(ग) बालबालिकालाई आफूले बसोबास गरिरहेको थातथलोभन्दा

अन्यत्र लामो दूरीको यात्रा गरी कार्यक्रममा सहभागी गराउँदा सामुहिक दुर्घटना  बीमा गर्नु पर्ने,

(घ) बालबालिकालाई आफ्नो जिल्लाभन्दा बाहिर राति बास बस्नेगरी आवासीय वा गैरआवासीय कार्यक्रममा सहभागी गराउँदा सकभर समान लिङ्गीय वयस्क संरक्षकको साथ पठाउने व्यवस्था गर्नु पर्ने,

(ङ) बालबालिकालाई आफ्नो जिल्लाभन्दा बाहिर राति बास बस्नु पर्नेगरी आवासीय वा गैरआवासीय कार्यक्रममा सहभागी गराउँदा निज स्वयं र निजका आमाबाबु, अभिभावक वा परिवारका अन्य सदस्य वा संरक्षकलाई पूर्व जानकारी दिई सुसूचित सहमति लिनु पर्ने,

(च) कार्यक्रम अवधिभर बालबालिकाको आत्म-सम्मान, मान-मर्यादा, शारीरिक, सामाजिक, साँस्कृतिक, भावनात्मक, मनोवैज्ञानिक, धार्मिक अवस्थामा नकारात्मक असर पर्ने खालका बोली, व्यवहार, क्रियाकलाप तथा कार्य गर्नु गराउनु नहुने ।

**१०. बालबालिकाको गोपनीयता कायम गर्नु पर्ने :** (१) विद्यालयले तोकिएका कार्य सम्पादन गर्दा गराउँदा एवम् यस मापदण्डको दफा ५ मा उल्लिखित विद्यालयसँग सम्बन्धित वयस्क व्यक्ति तथा निकायले बालबालिकासँग काम गर्दा उनीहरूको गोपनीयता कायम गर्न देहायबमोजिम गर्नु पर्नेछ :

(क) बालबालिकालाई ग्लानी हुने, लाज हुने तथा अप्ठ्यारो महशुस हुने खालका व्यक्तिगत विवरण, कथा/घटना विवरण, तस्वीर, भिडियो, श्रव्यदृश्य सामग्री तथा पहिचान खुल्ने अन्य कुनै सूचना जानकारी सङ्कलन गर्दा निज स्वयं र निजका आमाबाबु, अभिभावक वा परिवारका अन्य सदस्य वा संरक्षकलाई पूर्व जानकारी दिई सुसूचित सहमति लिनु पर्ने,

(ख) खण्ड (क) बमोजिमको व्यक्तिगत विवरण तथा पहिचान खुल्ने सूचना जानकारी प्रचलित कानूनबमोजिम गोपनीय राख्नु पर्ने र त्यो सार्वजनिक गर्न गराउन नहुने,

(ग) एउटा प्रयोजनका लागि सङ्कलन गरिएको बालबालिकाको व्यक्तिगत विवरण तथा पहिचान खुल्ने सूचना जानकारी अन्य प्रयोजनका लागि प्रयोग गर्नु नहुने,

(घ) बालबालिकालाई थप जोखिम तथा हानि हुनेगरी कुनै पनि सूचना जानकारी बताउन वा सार्वजनिक गर्न दबाब दिने, प्रलोभनमा पार्ने, शक्ति प्रदर्शन गर्ने, अनावश्यक रूपमा दुरूत्साहित गर्ने कार्य गर्नु गराउनु नहुने ।

(२) कानूनी प्रक्रियाबमोजिम उजुरी सुनुवाइ, जाँचबुझ, अनुसन्धान, अभियोजन तथा मुद्दा चलाउने लगायतको उजुरीसम्बन्धी सम्पूर्ण प्रक्रियामा प्रभावित र साक्षी तथा उनीहरूको परिवार एवम् कसुरको आरोप लागेका बालबालिकाको समेत गोपनीयताको सम्मान गर्नु पर्नेछ ।

## परिच्छेद-४ :
## बाल दुर्व्यवहार विरूद्ध उजुरी तथा सम्बोधनको संयन्त्र

**११. बालसुरक्षा/गुनासो सुनुवाइ समिति गठन :** (१) यस मापदण्डको कार्यान्वयन गर्न गराउन तथा बालबालिका विरूद्धको हिंसा, शोषण तथा दुर्व्यवहार विरूद्ध आएका उजुरीको छानबीन एवम् सम्बोधन गर्न गराउन विद्यालय सामाजिक संघ संस्थामा एक गुनासो सुनुवाइ समिति रहने छ ।

(२) बालसुरक्षण/गुनासो सुनुवाइ समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सदस्य/संस्थाको अध्यक्ष वा निजले तोकेको सदस्य - संयोजक

(ख) विद्यालयको प्रधानाध्यापक - सह संयोजक

(ग) शिक्षक अभिभावक सङ्घको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि/संस्थाको अध्यक्षले तोकेको सामाजिक कार्यकर्ता - सदस्य

(घ) विद्यालयको बालक्लब वा सो नभए विद्यार्थीले आफूहरूमध्येबाट छनौट गरिएका विद्यार्थी प्रतिनिधि दुई जना (१ जना छात्रा र १ जना छात्र) -सदस्य

(ङ) गुनासो सुन्ने शिक्षक/संस्थाको कर्मचारी (फोकल व्यक्ति सम्भव भएसम्म महिला शिक्षक/कर्मचारी) -सदस्य-सचिव

**१२. बालसुरक्षण/गुनासो सुनुवाइ समितिको काम, कर्तव्य र अधिकार :**
(१) यस मापदण्डमा अन्यत्र उल्लेख गरिएको अतिरिक्त गुनासो सुनुवाइ समिति काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क) विद्यालयको बालसुरक्षा नीति तथा बालसंरक्षण सम्बन्धी मापदण्ड, २०८३ को कार्यान्वयन गर्न गराउन आवश्यक समन्वय, रेखदेख, प्राविधिक सहयोग तथा अनुगमन गर्ने गराउने,

(ख) यस मापदण्डको दफा ६ बमोजिमका सामाजिक संघ संस्था र विद्यालयसँग सम्बन्धित व्यक्ति तथा निकायसँग सम्बद्ध व्यक्तिलाई बालसुरक्षण नीति तथा बालसंरक्षणसम्बन्धी मापदण्डबारे तालिम, अभिमुखीकरण गरी सचेतना एवम् क्षमता अभिवृद्धि गर्ने गराउने,

(ग) यस बालसुरक्षण नीति तथा बालसंरक्षणसम्बन्धी मापदण्ड बमोजिम बालबालिका तथा अन्य सम्बन्धित व्यक्तिको उजुरी लिने र त्यस्तो उजुरीलाई यथाशीघ्र सम्बोधन गर्न तत्काल छानबीन गरी आवश्यक प्रक्रिया अगाडि बढाउने,

(घ) माथि बुँदा (ग) बमोजिमको प्रक्रिया अघि बढाउँदा बालसुरक्षण / गुनासो सुनुवाइ समितिको बैठक बोलाई निणय भएबमोजिमको प्रक्रिया अनुसरण गर्ने गराउने र सोको गोपनीयता कायम गर्ने गराउने,

(ङ) घटनाको प्रकृति तथा बालसुरक्षण/गुनासो सुनुवाइ समितिको प्रारम्भिक छानबीनको निष्कर्ष अनुरुप आरोपित व्यक्तिसँग स्पष्टीकरण लिने र आन्तरिक कारवाहीका लागि विद्यालय व्यवस्थापन समितिसमक्ष सिफारिस गर्ने,

(च) बालसुरक्षण/गुनासो सुनुवाइ समितिको प्रारम्भिक छानबिनले आएको उजुरी प्रचलित कानूनबमोजिम कसुर ठहरिने प्रकृतिको भएमा सम्बन्धित निकायमा सिफारिस गर्ने गराउने,

(छ) प्रभावित बालबालिका तथा निजको परिवारलाई आवश्यक सेवा, सुविधा तथा सहयोग उपलब्ध गराउन सरकारी निकाय, सेवा प्रदायक तथा संस्थासँग समन्वय एवम् सहकार्य गर्ने,

(ज) यस मापदण्डको कार्यान्वयन, मापदण्डबमोजिम भए गरिएका कार्य, प्रगति तथा सिकाइबारे अनुगमन एवम् मूल्याङ्कन गरी अर्धवार्षिक रूपमा विद्यालय व्यवस्थापन समितिमा प्रतिवेदन पेश गर्ने ।

(२) बालसुरक्षण/गुनासो सुनुवाइ समिति आफ्नो कामको लागि विद्यालय व्यवस्थापन समितिप्रति उत्तरदायी हुनेछ ।

**१३. बालसुरक्षा फोकल पर्सन/गुनासो सुन्ने शिक्षक तोक्नु पर्ने :** (१) विद्यालयको बालसुरक्षा/गुनासो सुनुवाइ समितिको काममा सहयोग पुऱ्याउन र यस मापदण्डबमोजिम विद्यालयले गर्नुपर्ने कामको पहिलो

सम्पर्क व्यक्तिको रूपमा रहने गरी बालसुरक्षा/गुनासो सुनुवाइ समितिका संयोजकले एकजना बालसंरक्षण फोकल व्यक्ति/गुनासो सुन्ने शिक्षक तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बालसंरक्षण फोकल पर्सन/गुनासो सुन्ने शिक्षक तोक्दा महिला शिक्षकलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) यस मापदण्डमा अन्यत्र उल्लेख भएको अतिरिक्त बाल संरक्षण फोकल पर्सन/गुनासो सुन्ने शिक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विद्यालयको बालसंरक्षण मापदण्ड तथा आचारसंहिता लागू गर्न गराउन बालसुरक्षण/गुनासो सुनुवाइ समितिलाई सघाउने,

(ख) विद्यालयको बालसंरक्षण मापदण्डबारे विद्यालयका शिक्षक, प्रशिक्षक तथा विद्यार्थी, साझेदार निकाय तथा सेवा प्रदायक संस्थाका पदाधिकारी एवम् कर्मचारीको सचेतना अभिवृद्धि गर्ने गराउने,

(ग) बालबालिका विरूद्धका हेला, हिंसा, शोषण तथा दुर्व्यवहार लगायतका हानिबारे कुनै सरोकार भएमा उजुरी गर्न बालबालिकालाई सहज हुनेगरी उजुरी प्रणाली बनाउने,

(घ) उजुरीको अभिलेखीकरण गर्ने र त्यसको तत्काल सम्बोधन गर्नका लागि बालसुरक्षा/गुनासो सुनुवाइ समितिसँग मिलेर कार्य गर्ने,

(ङ) उजुरीकर्ता र प्रभावित बालबालिकाको सुरक्षा एवम् संरक्षण गर्न तथा उनीहरू पुनःपीडित नहोऊन् भनी बालसुरक्षा/गुनासो सुनुवाइ समितिसँग परामर्श गरी आवश्यक व्यवस्था मिलाउने,

(च) बालबालिका विरूद्धको हिंसा, शोषण तथा दुर्व्यवहार लगायतका हानिबाट प्रभावित बालबालिका र निजको परिवारलाई नगरपालिका वा सेवा प्रदायकसँग समन्वय गरी तत्काल आवश्यक सेवा, सुविधा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने,

(छ) यस मापदण्डको कार्यान्वयन, मापदण्डबमोजिम भए गरिएका कार्य, प्रगति तथा सिकाइबारे अनुगमन एवम् मूल्याङ्कन गरी अर्धवार्षिक रूपमा प्रतिवेदन तयार गर्न बालसुरक्षा/गुनासो सुनुवाइ समितिलाई सघाउने ।

**१४. उजुरी तथा सञ्चार :** (१) विद्यालयसँग सम्बन्धित कुनै व्यक्ति, संस्था, तथा पदाधिकारी वा सदस्यले बाल दुर्व्यवहार गरेको आशंका भएमा बालसंरक्षण फोकल पर्सन/गुनासो सुन्ने शिक्षक वा समितिमा तुरून्त कुनै पनि माध्यमबाट मौखिक वा लिखित उजुरी दिनु पर्छ ।

(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त गरेपछि बालसंरक्षण फोकल पर्सन/गुनासो सुन्ने शिक्षक वा समितिले त्यसलाई रजिस्ट्ररमा अभिलेखीकरण गर्नु पर्छ ।

(३) उपदफा (२) बमोजिमको रजिस्ट्ररमा उजुरी (वा निवेदन) परेको मिति, समय, स्थान, उजुरीकर्ता (व्यक्ति, पदाधिकारी वा सदस्य तथा संस्था) को विवरण, शंकास्पद वा आरोपित व्यक्ति, प्रभावित तथा कारबाहीको अवस्था लगायतको जानकारी समावेश गर्नु पर्छ ।

(४) बाल दुर्व्यवहारसम्बन्धी उजुरी वा निवेदन लिखित वा मौखिक रूपमा प्राप्त नभएमा बालसंरक्षण फोकल पर्सन/गुनासो सुन्ने शिक्षक वा समितिले प्रतिकार्य गर्न बाध्य पारिएको मानिने छैन ।

(५) बालसंरक्षण फोकल पर्सन/गुनासो सुन्ने शिक्षक वा समितिले

बाल दुर्व्यवहार विरूद्धको उजुरी उपर कुनै कारवाहीको प्रक्रिया अघि नबढाएमा, ढिलासुस्ती गरेमा वा सन्तोषजनक कार्य सम्पादन नगरेमा वा उजुरीकर्तालाई कारबाहीबारे जानकारी नदिएमा उजुरीकर्ताले सिधै प्रधानाध्यापक समक्ष उजुरी गर्न सक्नेछ ।

१५. **उजुरी सम्बोधनका प्रक्रिया :** (१) विद्यालय तथा विद्यालयसँग सम्बन्धित व्यक्ति, पदाधिकारी वा सदस्य तथा संस्थाले दिएको बालसंरक्षणसम्बन्धी उजुरी, आरोप तथा सरोकारको आधारमा सवाल पहिचान गरी सो को सम्बोधन गर्नेछ :

(क) विद्यालय बाहिर वा भित्र रहेका बालबालिका, अभिभावक, शिक्षक, प्रशिक्षक, सामुदायका व्यक्ति वा अन्य जो कोहीबाट प्राप्त उजुरी,

(ख) विद्यालयको आधार क्षेत्र (क्याचमेन्ट एरिया) वा समुदायका बालसंरक्षण सम्बन्धी सवालबारे समाजिक सञ्जाल तथा आमसञ्चारका माध्यमबाट प्राप्त सूचना जानकारी

(२) उजुरीका प्रकार, कारवाहीको जिम्मेवारी तथा सम्बोधनका विधिहरू :

(क) यस मापदण्डको दफा ६ बमोजिमका विद्यालयसँग सम्बन्धित व्यक्तिका विरूद्ध आएको उजुरीलाई सम्बोधन गर्न विद्यालय पूर्ण रूपमा जिम्मेवारी हुनेछ ।

(ख) माथि खण्ड (क) बमोजिमको उजुरीको सम्बोधन गर्दा देहाय बमोजिमको चरण एवम् प्रक्रिया अवलम्बन गरिनु पर्नेछ :

(अ) विद्यालयमा उजुरी प्राप्त गर्ने र सोको अभिलेखीकरण गर्ने,

(आ) उजुरीबारे थप जानकारी लिने (उजुरीकर्तासँग सम्पर्क, आरोपबारे प्रारम्भिक जानकारी सङ्कलन, सम्भाव्य कारबाहीको पहिचान, उजुरीकर्ताको सहमति),

(इ) एक हप्ताभित्र आन्तरिक टिम वा स्थानीय तहका

अधिकारीबाट आरोपबारे प्रारम्भिक अनुसन्धान गर्ने गराउने,

(ई) यदि शङ्का/आरोप प्रमाणित भएमा वा प्रचलित कानूनबमोजिम कसुर ठहरिने प्रकृतिका घटनामा विद्यालय व्यवस्थापन समितिबाट निर्णय गरी प्रहरी कार्यालयमा कारबाहीको लागि सिफारिस गर्ने,

(उ) प्रभावित बालबालिका तथा निजको परिवारलाई स्वास्थ्य, कानूनी, मनोविमर्श, मानवीय तथा अन्य संरक्षण सहयोग प्रदान गर्न स्थानीय तह वा सेवा प्रदायकसँग समन्वय गर्ने,

(ऊ) आरोपित व्यक्तिलाई पद तथा जिम्मेवारी बाट प्रचलित कानून बमोजिम कारवाहीका लागि सिफारिस गर्ने ।

(ए) परिवार तथा समुदायमा पुनर्स्थापना नहुञ्जेलसम्म प्रभावित र निजको परिवारको अनुगमन गर्ने तथा आवश्यक सहयोगका लागि सहजीकरण गर्ने ।

(३) बालबालिका विरूद्धको हिंसा वा बाल-यौन दुर्व्यवहार विरूद्ध आएका उजुरीको सम्बोधन गर्दा विद्यालयले स्थानीय तहको बालसंरक्षण संयन्त्र, बालबालिका खोजतलास सेवा (निःशुल्क फोन नं. १०४), बालहेल्पलाइन सेवा (निःशुल्क फोन नं. १०९८), अस्थायी संरक्षण सेवा, नेपाल प्रहरीको महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र लगायतका संस्थागत व्यवस्थाको परिचालन गर्न सकिनेछ ।

**बालसंरक्षण समितिको निर्णयप्रति विमति रहेमा अपिल गर्न वा सिधै देहाय बमोजिमको निकायमा खवर गर्न सकिने :**

उजुरी उपरको कारबाहीमा मर्का पर्ने पक्ष तथा पीडकमध्ये कसैलाई चित्त नबुझेमा देहायका व्यक्ति वा निकायसमक्ष अपिल गर्न सकिने छ ।

१. विद्यालय व्यवस्थापन समिति,

२ नगरपालिका, शिक्षा शाखा, बाल कल्याण अधिकारी

३. राष्ट्रिय महिला आयोग ११४५, बाल हेल्पलाइन नेपाल १०९८, खोजतलास १०४

४. प्रहरी/जिल्ला प्रशासन कार्यालय,

५. अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC

६. अदालत

**१६. प्रतिवेदन पेश गर्नु पर्ने :** (१) बालदुर्व्यवहार विरूद्धको उजुरीमाथि भएको कारबाहीको प्रतिवेदन बालसंरक्षण फोकल पर्सन/गुनासो सुन्ने शिक्षक वा समितिले प्रत्येक छ-छ महिनामा विद्यालय व्यवस्थापन समितिसमक्ष पेश गर्नु पर्नेछ ।

(२) विद्यालयले यस मापदण्डको कार्यान्वयनको समग्र प्रतिवेदन समितिले वार्षिक रूपमा तयार गरी विद्यायल व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन विद्यालय व्यवस्थापन समितिले चन्द्रागिरि नगरपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-५ :
## आर्थिक व्यवस्थापन र विविध

**१७. बालसंरक्षण कार्यका लागि आर्थिक व्यवस्थापन :** (१) विद्यालयले यस बालसंरक्षण मापदण्ड कार्यान्वयन गर्न आर्थिक व्यवस्थापन गर्नु पर्नेछ ।

(२) विद्यालयले यस मापदण्ड कार्यान्वयन गर्न नगरपालिका र अन्य सम्वन्धित निकाय तथा संघसंस्था संग समन्वय सहकार्य गर्न सकिनेछ ।

(३) विद्यालयले यस मापदण्ड कार्यान्वयन गर्नका लागि सम्बन्धित स्थानीय तहमा स्थापना भएको बालकोषको रकम स्थानीय तहको बालअधिकार समितिको निर्णयबमोजिम खर्च गर्ने गरी माग गर्न सक्नेछ ।

(४)उपदफा (४) बमोजिम बालकोषबाट प्राप्त भएको रकम चन्द्रागिरि नगरपालिकाबाट स्वीकृत कार्यविधि वा बालअधिकार समितिको निर्णयबमोजिम खर्च गर्नु पर्नेछ ।

**१८. व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार :** (१) यस मापदण्डको कुनै व्यवस्थाको थप व्याख्या गर्नुपर्ने भएमा त्यस्तो व्याख्या गर्ने अधिकार चन्द्रागिरि नगरपालिकाको हुनेछ ।

(२) यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१९. संशोधन गर्न सक्ने :** यस मापदण्डलाई आवश्यकतानुसार चन्द्रागिरि नगर कार्यपालिकाले संशोधन एवम् परिमार्जन गर्न सक्नेछ ।

**२०. प्रचलित कानूनबमोजिम हुने :** (१) यस मापदण्डमा व्यवस्था भएका कुनै कुरा प्रचलित नीति, कानून एवम् कार्यविधिसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

(२) यस मापदण्डमा स्पष्ट रूपमा उल्लेख नभएका विषयको हकमा भने प्रचलित कानून एवम् कार्यविधि बमोजिम हुनेछ ।

## अनुसूची-१ :

## मापदण्डको दफा ८ को उपदफा (१) बमोजिमको आचारसंहिता

१. **"चन्द्रागिरि नगरपालिका सामुदायिक तथा निजी विद्यालय र सामाजिक संघसंस्थाकालागि बालसंरक्षण मापदण्ड, २०८३"** तथा प्रचालित कानून बमोजिम देहायका कार्यको पालना गर्नेछु :

क. यस चन्द्रागिरि नगरपालिकाको बालसंरक्षण मापदण्ड, २०८३ लगायत बालबालिकाको अधिकारसम्बन्धी नीति, मूल्यमान्यता एवम् सिद्धान्तको पूर्ण पालना गरी मेरो व्यक्तिगत, पारिवारिक तथा पेशागत दायित्व उच्च व्यवसायिकताका साथ सम्पन्न गर्नेछु ।

ख. प्रचलिल कानून तथा नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिको प्रावधान बमोजिम बाल अधिकारको सम्मान, परिपालना तथा प्रवर्द्धन गर्नेछु ।

ग. यस बालसंरक्षण मापदण्ड, २०८३ बारे विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारी तथा सदस्य, शिक्षक, प्रशिक्षक, कर्मचारी, अभिभावक तथा सरोकारवाला तथा विद्यार्थीलाई जानकारी दिई बालबालिका विरूद्धको हिंसा वा बाल-यौन दुर्व्यवहार लगायतका हानिबारे कुनै सरोकार भएमा विद्यालय तथा सम्बन्धित निकायमा उजुरी/रिपोर्ट गर्न प्रोत्साहित गर्नेछु ।

घ. विद्यालयमा तथा विद्यालयको क्षेत्रमा बालबालिका विरूद्धको हिंसा वा बाल-यौनदुर्व्यवहार लगायतका हानिबारे जानकारी पाएमा वा सोको जोखिम देखिएमा तत्काल नेपाल प्रहरी, स्थानीय बालअधिकार समिति, बालकल्याण अधिकारी, बाल हेल्पलाइन सेवा, बालबालिका खोजतलास सेवा आदि निकायमा जानकारी दिनेछु ।

ङ. बालबालिका विरूद्धको हिंसा वा बाल-यौनदुर्व्यवहार लगायतका हानिबारे गरिएको कुनै पनि उजुरी/रिपोर्टलाई गहन रूपमा लिनेछु र उजुरी/रिपोट गर्ने व्यक्तिलाई सहयोग गर्नेछु र छानविन प्रक्रियामा सघाउनेछु ।

च. बालबालिकाको- अधिकार, सुरक्षा, संरक्षण तथा जोखिम खासगरी बालबालिका विरूद्धको हिंसा वा बाल यौनदुर्व्यवहार लगायतका हानिबाट प्रभावित बालबालिकालाई उपलब्ध सेवा बारे आफूलाई थाहा भएको जानकारी बालबालिका, आमाबाबु वा अभिभावक, समुदाय  तथा विद्यालयमा दिनेछु ।

**२. बालबालिकासँग काम गर्दा र उनीहरूलाई सहभागी गराउँदा देहायका कार्य गर्नेछु-**

क. बालबालिकासँग काम गर्दा उनीहरूमाथि भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण (यौन दुर्व्यवहार तथा शोषण समेत), वेवास्ता लगायतका हानि हुन नदिनेगरी र त्यसबाट संरक्षण गर्नेगरी काम गर्नेछु ।

ख. विद्यार्थीलाई कुनै कार्यक्रममा सहभागी गराउँदा निज तथा निजका अभिभावकलाई त्यस्तो कार्यक्रमको उद्देश्य, विधि, उपयोगिता, सम्भावित जोखिम र त्यसलाई सम्बोधन गर्न अवलम्बन गरिएको उपायबारे जानकारी गराई सुसूचित सहमति लिनेछु ।

ग. विद्यार्थीलाई दलगत राजनीतिक गतिविधिमा सहभागी गराउने छैन वा त्यसको लागि दुरूत्साहन गर्ने छैन ।

घ. बालबालिका सहभागी हुने कार्यक्रमको आयोजना र सञ्चालन गर्दा- (अ) दिनको समयमा, (आ) उज्यालो स्थानमा, (इ) दुर्घटना तथा बालबालिका विरूद्धको हिंसा वा बाल-यौनदुर्व्यवहारको जोखिम आकलन गरी त्यसलाई सम्बोधन गरिएको यकिन गरेर-मात्र सञ्चालन गर्नेछु ।

ङ. बालबालिकासँग व्यक्तिगत प्रकृतिको सूचना लिँदा, कथा/घटना-विवरण सङ्कलन गर्दा, अन्तर्वार्ता लिँदा, तस्वीर वा भिडियो खिच्दा तथा श्रव्यदृश्य सामग्री बनाउँदा बलबालिका स्वयं वा निजको आमाबाबु, अभिभावकको सुसूचित तथा लिखित सहमति लिनेछु र त्यसरी सङ्कलित सूचना जानकारी तथा श्रव्यदृश्य सामग्री तोकिएको प्रयोजनमा मात्र प्रयोग गर्नेछु ।

च. बालबालिकालाई जिल्लाबाहिर लाँदा वा राति बास बस्नुपर्ने गरी कुनै कार्यक्रममा सहभागी गराउँदा निजसँग समान लिङ्गीय वयस्क वा महिला हेरालु/संरक्षकको साथमा यात्रा गर्ने व्यवस्था मिलाउनेछु ।

**३. बालबालिका विरूद्ध भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण (यौन दुर्व्यवहार तथा शोषण समेत), वेवास्ता लगायतका हानि कहिल्यै गर्ने छैन-**

क. बालबालिकालाई लिङ्ग, जातजाति, रङ्ग, शारीरिक अवस्था, परिवारको आर्थिक हैसियत वा अन्य कुनै पनि आधारमा भेदभाव गर्ने छैन ।

ख. बालबालिकालाई गालीगलौज गर्ने, होच्याउने, हेप्ने, जिस्क्याउने, कुटपिट गर्ने, शारीरिक दुर्व्यवहार गर्ने वा दण्ड सजाय दिने काम गर्ने छैन ।

ग. बालबालिकासँग यौनआशय झल्कने, अनुपयुक्त, सताउने खालको र यौन उत्तेजनापूर्ण हाउभाउ, बोली, व्यवहार र कार्य गर्ने छैन ।

घ. बालबालिकासँग कुनै प्रलोभन वा डरधाक धम्की दिई वा नदिई शारीरिक सम्बन्ध राख्ने वा यौनसम्पर्क गर्ने छैन । बालबालिकाले स्वीकृति दिएको अवस्थामा पनि त्यो दण्डनीय अपराध हो भन्ने कुरामा म पूर्ण जानकार छु ।

ङ. एकाघर परिवार वा नजिकका नातेदार बाहेक विद्यालयका कुनै विद्यार्थीलाई राती बास बस्नेगरी आफू बसेको ठाउँमा वा अन्यत्र कहीँ लाने काम गर्ने छैन ।

च. बालबालिकासँग एउटै कोठा तथा एउटै ओछ्यानमा सँगै सुत्ने छैन ।

छ. बालबालिकालाई कानूनले निषेध गरेका काम तथा श्रममा संलग्न गराउने तथा बालश्रम प्रयोग भएको जानीजानी कुनै पनि उत्पादन तथा सेवा विद्यालयमा प्रयोग गर्ने छैन ।

ज. मनोविमर्श तथा स्वास्थ्य उपचारको लागि अत्यावश्यक भएकोमा बाहेक एक बालक वा बालिका र वयस्क मात्र भएको अवस्था सृजना हुनेगरी बालबालिकासँग काम गर्ने छैन ।

झ. बालबालिकाको अगाडि कुनै किसिमको लागु पदार्थ, मद्यपान तथा धुमपान गर्ने छैन ।

ञ. बालबालिकाले गर्नसक्ने कानून विपरीतका काम, असुरक्षित काम, भेदभाव, हिंसा, दुर्व्यवहार तथा शोषणजन्य हुने काममा प्रोत्साहन गर्दिन, आफू त्यसमा सामेल हुँदिन र तिनलाई वेवास्ता गर्ने छैन ।

ट. विद्यालयको वा आफूले विद्यालयको कामको प्रयोजनका लागि प्रयोग गर्ने कम्प्यूटर र अन्य उपकरणहरूमा अश्लील सामग्री हेर्ने, डाउनलोड गर्ने, सङ्ग्रह गर्ने तथा त्यस्ता सामग्री बनाउने वा वितरण गर्ने काम गर्ने छैन ।

यस आचारसंहितामा लेखिएका सबै बुँदा पालना गर्न म प्रतिवद्धत छु भनी सहीछाप गरी एक प्रति विद्यालयमा बुझाएँ र अर्को एक प्रति आफूसँग सुरक्षित रूपमा राखें ।

नामथर : ...........................................................

पद वा जिम्मेवारी : ..........................................

हस्ताक्षर : .........................................................

सम्पर्क नं. : .....................................................

मिति : ..............................................................

आज्ञाले
सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०८३ वैशाख १४ गते
मूल्य रूः २०/-